निर्णयहरु

१. चालु आ.ब.को आयोजना तथा कार्याक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा चालु आ.ब. ०७९/०८० को लागि विनियोजित आयोजनाहरुको सर्भे सम्बन्धी काम सम्बन्धित वडाको वडाध्यक्ष, वडासदस्य लगायतका जननिर्वाचित पदाधिकारीहरुसँग समन्वय गरी २०७९ भाद्र २० गते सम्ममा सम्पन्न गर्ने ब्यबस्था मिलाउने ।

२. जनश्रमदान सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा चालु आ.ब. ०७९/०८० को लागि विनियोजित आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा १२% जनश्रमदान अनिवार्य रुपमा उपभोक्ताले गर्न पर्ने ब्यबस्था मिलाउने । उपभोक्ता समिति दर्ता गरी जनश्रमदान बापतको रकम बैंक दाखिला गरेपछि मात्र उपभोक्ता समितिसंग सम्झौता गरी आयोजना कार्यान्वयनको ब्यबस्था मिलाउने ।

३. दररेट सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा चालु आ.ब. ०७९/०८० को लागि जिल्ला दररेट निर्धारण समितिबाट स्विकृत भएको दररेटलाई नै आधार मानी यस गाउँपालिकाको विनियोजित आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ब्यबस्था मिलाउने ।

४. इन्धन ब्यवस्थापन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा विभिन्न सामाजिक कार्य, अतिथि सत्कार, कार्यालयको कामकाजको लागि लगायतको कामको लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जारी गरेको कूपनका आधारमा मात्र इन्धन खर्च लेखी सो को अनिवार्य रुपमा अभिलेख राख्ने ब्यबस्था मिलाउने ।

५. उच्च स्तरीय शैक्षिक सुधार अध्ययन कार्यदल टोलीको हालसम्मको कामकारबाहीको समिक्षा सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा उच्चस्तरिय शैक्षिक सुधार अध्ययन कार्यदलले मिति २०७९/०४/१८ गते सम्ममा २६ वटा सामुदायिक विद्यालय, ११ वटा मदरसा र ५० वटा बालबिकास केन्द्रको अनुगमन निरीक्षण कार्यशाला सम्बन्धी काम सम्पन्न गरेको पाइयो । सम्पनन्न भएका कामहरुको सम्बन्धमा समिक्षा गर्दा सन्तोष जनक नै रहेको पाइयो । गाउँपालिकाले स्विकृत गरेको कार्यदिशा बमोजिम १ वडा १ सुधारिएको विद्यालय छनोट गरी पठाउन वडासमितिलाई सिफारिश गरी पठाउने ब्यवस्था मिलाउने ।

६. कर्मचारी ब्यबस्थापन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा यस कार्यालय र मातहतका कार्यालयमा रिक्त रहेको पदमा लोक सेवा आयोगबाट पदपूर्ती नभएसम्मको लागि सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९५ बमोजिम करार सेवामा कर्मचारी ब्यबस्थापन गरी भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा, स्वास्थ्य शाखा, कृषी विकास शाखा लगायतबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउने ।

देहाय

| पद | काम गर्नु पर्ने निकाय | आर्थिक दायित्व व्यहोर्ने स्रोत | विज्ञापन गर्न पर्ने संख्या |
|---|---|---|---|
| अनमी | वर्थिङ सेन्टर नरसिंह | नेपाल सरकारको सशर्त अनुदान | १ |
| असिसटेन्ट सव इन्जिनियर | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | गाउँपालिका | २ |
| सव इन्जिनियर | | | १ |
| कृषी प्राविधिक सहायक पाँचौ | कृषी विकास शाखा | | १ |
| कृषी प्राविधिक सहायक पाँचौ | कृषी विकास शाखा | | १ |
| कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य केन्द्र र वडा कार्यालयहरु | | ३ |

७. स्वास्थ्य शिविर वापतको खर्च भुक्तानी सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको स्वास्थ्य शिविरको खर्च चालु आ.ब. २०७९/०८० को लागि विनियोजन भएको बजेटबाट भुक्तानी गर्ने।

**देहाय**

| शिविर संचालन मिति | स्थान | सहयोगी निकाय |
|---|---|---|
| २०७९/०४/०७ | भोक्राहा स्वास्थ्य चौकी | इनरुवा अस्पताल |
| २०७९/०४/२१ | भोक्राहा स्वास्थ्य चौकी | रामलाल गोल्छा आँखा अस्पताल |
| २०७९/०४/२९ | नरसिंह स्वास्थ्य चौकी | सुनसरी आइ केयर सेन्टर |

८. कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गर्ने मस्यौदा समिति गठन सम्बन्धमा ।

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाबाट चालु आ.ब. ०७९/०८० मा विनियोजित बजेटबाट कार्यान्वयन हुने कार्यक्रमलाई सहज वनाउन कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गर्नु पर्ने भएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको मस्यौदा तयार गर्न देहाय बमोजिमको समिति गठन गर्ने । समितिले २०७९ भाद्र ७ गते भित्र कार्यपालिकामा मस्यौदा पेश गरिसक्ने ब्यवस्था मिलाउने ।

देहाय

| | | |
|---|---|---|
| संयोजक | वडाध्यक्ष | श्री हारुन अंसारी |
| सदस्य | स्वास्थ्य शाखा प्रमुख | श्री हिरालाल साह |
| सदस्य | शिक्षा शाखा प्रमुख | श्री रमेशचन्द्र तिम्सिना |
| सदस्य | कृषी शाखा प्रमुख | श्री रेनुका चौधरी |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख | श्री बसन्त प्रभा खनाल |

९. कोभिड संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सजगत अपनाउने सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा पछिल्लो समय कोभिडको संक्रमण फैलिदै गइ रहेकोले यस गाउँपालिका र मातहतको निकायमा माक्स सेनिटाइजर, लगायतको सामाग्री उपलब्ध गराइ आवश्यक स्वास्थ्य सतर्कता अपनाउने व्यवस्था मिलाउने ।

१०. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको ब्यक्तिसंस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| क्र.सं. | आर्थिक सहायता पाउनेको नाम | कारण | भुक्तानी गर्न पर्ने रु |
|---|---|---|---|
| १ | जलेश्वर शिव मन्दिर व्यवस्थापन समिति भोक्राहा नरसिंह गाउँपालिका वडा नं २ अकाहाबजार सुनसरी | कलश यात्रा र बोलबम कार्य संचालन वापत | २५००० |
| २ | मोहरम पर्व वापतको लागि सहयोग | प्रत्येक वडालाई | ४०००० |
| ३ | पुहपलाल उराँव भोक्राहा नरसिंह वडा नं १ | बाहुनी खोलामा डुवेर छोराको मृत्यु भएको | २५००० |
| ४ | सुकराती मुखिया भोक्राहा नरसिंह वडा नं १ | मुटु तथा मृगौला रोगले छोराको मृत्यु भएको | १५००० |
| ५ | एकामुद्दिन अंसारी भोक्राहा नरसिंह वडा नं ४ | क्यानसर रोगले ग्रसित रहेको | ५१००० |

११. कार्यविधि स्विकृत गर्ने सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको कार्यविधिको मस्यौदा तयार गर्ने निर्णय गरियो ।

देहाय

१. भोक्राहा नरसिंह गाउँपालिका कार्य संचालन कार्यविधि, २०७९
२. भोक्राहा नरसिह गाउँपालिका फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९
३. भोक्राहा नरसिंह गाउँपालिकामा करारमा कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९
४. भोक्राहा नरसिंह गाउँपालिकाको नगद सहायता (संचालन) कार्यविधि, २०७९